ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रधान कार्यालय बुटवल

फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१

सूचि दर्ता गराउने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१९)

यस संस्थाको लागि आ.व.२०८२/८३ मा आवश्यक पर्ने देहाय बमोजिमका सामान तथा सेवाहरु पटक/पटक खरिद मर्मत गर्नुपर्ने भएकोले इच्छुक फर्म/संस्था/आपूर्तिकर्ता कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु (फर्म/संस्था/कम्पनी दर्ता प्रमाण पत्र, आयकर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) र आ.व. २०८०/८१ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित यस संस्थाको प्रधान कार्यालय, सामान्य सेवा महाशाखामा पेश गर्नुहुन अनुरोध छ । मौजुदा सुचिमा समावेश हुन पेश गर्नुपर्ने निवेदन र दर्ता हुन निर्धारण गरिएको आवश्यक योग्यताहरु सम्बन्धी विवरण संस्थाको वेबसाइटमा राखिएको छ । यस सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा संस्थाको फोन नं.०७१–४३८९५१, ४३७५३० मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१) छपाई (प्रेस) सम्बन्धी काम तथा सामान ।
२) मसलन्द (स्टेशनरी) तथा अन्य फुटकर विविध सामानहरु ।
३) काठ तथा स्टीलका फर्निचर आपूर्ति तथा मर्मत ।
४) हार्डवेयर खरिद तथा फिटिङ ।
५) फर्निसिङका कामहरु ।
६) सवारी साधन खरिद, मर्मत, स्पेयर्स पार्टस खरिद र लुब्रिकेन्टस खरिद ।
७) विद्युतीय सामाग्रीहरु र पानीका सामाग्रीहरु खरिद तथा मर्मत ।
८) खानेपानी आपूर्ति सम्बन्धी सेवा ।
९) प्रिन्टरको कार्टेज रिफिलिङ, फ्लेक्स ब्यानर/नेम प्लेट छपाई ।
१०) एयरकन्डिसन, कम्प्युटर, ल्यापटप, फ्याक्स, फोटोकपी, प्रिन्टर, ईन्भर्टर, ब्याट्री, स्क्यानर, विद्युतीय हाजिरी मेशिन, नोट काउन्टिङ मेसिन लगायतका उपकरण/सामाग्रीहरुको र पाटपूर्जा खरिद तथा मर्मत ।
११) विभिन्न प्रकृतिका परामर्श सेवाहरु खरिद ।
१२) पर्दा ,कार्पेट र डोरमेन्ट आदि खरिद ।
१३) कुरियर सेवा, विज्ञापन एजेन्सी सेवा ।
१४) ईन्टरकम टेलिफोन मर्मत सेवा ।
१५) माथि उल्लेख भएका बाहेक विविध सामान एवं उपकरणहरु तथा सेवा खरिद ।

मौजुदा सूचीमा समावेश गर्न पेश गरेको निवेदन

मिति : २०८२/ /

श्री ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
सामान्य सेवा महाशाखा
प्रधान कार्यालय, बुटवल, रुपन्देही ।

विषय : मौजुदा सूचिमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १० को उपनियम २ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि., को आर्थिक प्रशासन विनिमावली, २०७२ को विनियम २५ को उप विनियम १ वमोजिम तपसिलमा उर्ललिखित विवरण अनुसारको पुष्ट्याईं गर्ने कागजात संलग्न गरी मौजुदा सूचिमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपसिल :

१. मौजुदा सूचिका लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण :	
क) नाम :	ख) ठेगाना :
ग) पत्राचार गर्ने ठेगाना :	घ) मुख्य व्यक्तिको नाम :
ङ) टेलिफोन नं. :	च) मोवाईल नं. :
२.मौजुदा सूचिमा दर्ता हुनको लागि निम्न वमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने । (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ( ) छैन ( ) । (ख) नविकरण गरिएको छ ( ) छैन ( ) । (ग) मूल्य अभिबृद्धि वा स्थायी लेखा नम्वर दर्ताको प्रमाण पत्र छ ( ) छैन ( ) । (घ) कर चुक्ताको प्रमाणपत्र छ ( ) छैन ( ) । (ङ) कुन खरिदको लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिने हो, सो कामका लागि इजाजत आवश्यक पर्ने भएमा सो को प्रतिलिपी छ ( ) छैन ( ) ।	
३. संस्थाबाट हुने खरिदका लागि दर्ता हुन चाहेको प्रकृतिको विवरण :	
(क) मालसामानको आपुर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने)	(ख) निर्माण कार्य :
(ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति उल्लेख गर्ने)	(ङ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने)

आर्थिक वर्ष : २०८२/०८३	फर्मको छाप :	निवेदकको नाम : दस्तखत :

स्व-घोषणा : यस .....र यसका कुनै सञ्चालकहरु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित कसुरमा सजायँ नपाएको तथा हाम्रो फर्म/कम्पनी सार्वजनिक खरिद नियमावली, २०७१ वमोजिमका सम्पूर्ण नियम पुरा गरी कार्य गर्न योग्य भएको व्यहोरा स्वयम् घोषणा गर्दछु ।

मौजुदा सूचिमा दर्ता हुन निर्धारण गरिएको आवश्यक योग्यताहरु :

सार्वजनिक खरिद ऐन २०६३ को दफा १० को उपदफा (२) तथा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को आर्थिक प्रशासन विनियमावली, २०७२ को विनियम २५ को उप विनियम १ अनुरुप आपूर्तिकर्ताहरु/सेवा प्रदायकहरुलाई देहाय वमोजिम योग्यता निर्धारण गरिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

क) संस्था/फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा आवधिक रुपमा नविकरण गर्नुपर्ने भएमा सो खुल्ने कागजात ।

ख) स्थायी लेखा नम्वर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रतिलिपी ।

ग) आ. व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी । (आ. व. २०८१/८२ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागू नहुने ।)

घ) दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै किसिमको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यक्ता वमोजिम नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी ।

ङ) संस्था/फर्म/कम्पनी कुनै आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजातको प्रतिलिपी ।

च) सम्बन्धित क्षेत्रमा काम गरेको अवधिको कागजात ।

छ) तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्व-घोषणा पत्र ।

ज) बिक्री पछिको सेवाको व्यवस्था सुनिश्चित गर्न सक्ने व्यहोराको स्व-घोषणा पत्र ।

झ) पेशागत कसुर गरे वापत सजायँ नपाएको, सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचिमा संलग्न नगरेको हुनुपर्ने ।

ञ) सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्व-घोषणा पत्र ।

ट) कार्यालयलाई आवश्यक पर्दा सजिलै सम्पर्क मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोवाइल नं., इमेल, वेबसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने ।

ठ) मालसामान आपूर्तिको हकमा संस्थालाई आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी, कारोवारको प्रकृति अनुसारको पसल/फर्म/कम्पनीको नाम समेत देखिने गरी खिचिएको फोटो वा उक्त स्थानसम्म पुग्न सकिने नक्सा बनाई निवेदनसाथ संलग्न गर्नुपर्ने ।

ड) परामर्श सेवा (सूचना प्रविधि तथा कम्प्यूटर इन्जिनियरिङ, सफ्टवेयर निर्माण तथा Customization, नेट वर्किङ, इन्टेरियर डिजाइन, मेकानिकल इन्जिनियरिङ लगायतको) खरिद को हकमा तोकिएको समयमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिबद्धता सहितको कागजातहरु ।

ढ) सम्भव भएसम्म संस्था/फर्म/कम्पनीको आफ्नो लेटर प्याडमा मौजुदा सूचिमा दर्ता हुन तोकिएको ढाँचा अनुसारको निवेदन पेश गर्नुपर्ने ।